# सभापोखरी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

ढबिसे, संखुवासभा
कोशी प्रदेश, नेपाल

बैठक मिति: २०८१।१०।२८ | बैठक संख्या : १७

बैठक प्रारम्भ: | बैठक समापन समय :

---

आ.व. ०८१।०८२ को १७ औ कार्यपालिका बैठक मिति २०८१।१०।२८ गते सोमबारका दिन यस सभापोखरी गाउँपालिका अध्यक्ष श्री भीम बहादुर लिम्बु ज्यू को अध्यक्षतामा तपशिलका पदाधिकारी ज्यूहरुको उपस्थितिमा कार्यापालिका बैठक बसी देहाय बमोजिमका प्रस्तावहरुमा छलफल गरि निर्णय गरियो ।

**उपस्थिति:**

| क्र.स | पदाधिकारीको नाम | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १. | श्री भीम बहादुर लिम्बु | गा.पा.अध्यक्ष | | |
| २. | श्री लक्ष्मी चापागाई | गा.पा.उपाध्यक्ष | | |
| ३. | श्री इश्वर पुलामी मगर | वडाध्यक्ष वडा नं. १ | — | |
| ४. | श्री राजकुमार राई | वडाध्यक्ष वडा नं.२ | | |
| ५. | श्री दिल बहादुर तामाङ | वडाध्यक्ष वडा नं.३ | | |
| ६. | श्री शुकराज लिम्बु | वडाध्यक्ष वडा नं. ४ | | |
| ७. | श्री मनिष हाङ्गाम लिन्बु | वडाध्यक्ष वडा नं.५ | | |
| ८. | श्री रिजन राई | का.वा.वडाध्यक्ष वडा नं.६ | | |
| ९. | श्री पृथ्वी नारायण राई | कार्यापालिका सदस्य | — | |
| १०. | श्री टंक बहादुर विश्वकर्मा | कार्यापालिका सदस्य | | |
| ११. | श्री कविता लिम्बु | कार्यापालिका सदस्य | | |
| १२. | श्री जमुना राई | कार्यापालिका सदस्य | | |
| १३. | श्री शुसिला राई | कार्यापालिका सदस्य | | |
| १४. | श्री बेल कुमारी विश्वकर्मा | कार्यापालिका सदस्य | — | |
| १५. | श्री बुकु प्रसाद आचार्य | प्रमुख प्रशासकीय अधिकृत | | |

CamScanner

# सभापोखरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
ब्राह्मबिसे, संखुवासभा
कोशी प्रदेश, नेपाल

बैठक मिति: २०८१।१०।२८ | बैठक संख्या : १७

बैठक प्रारम्भ: | बैठक समापन समय :

### आमन्त्रित उपस्थिति

| क्र.स | पदाधिकारीको नाम | पद / कार्यालय | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | श्री जयराम बस्नेत | नेपाल रेडक्रस सोसाइटी केन्द्रिय कार्यालय | | |
| २ | श्री श्रुतिनाथ चौधरी | नेपाल रेडक्रस सोसाइटी खादँबारी | | |
| ३ | श्री निलमणी सुवेदी | | | |

### कर्मचारी उपस्थिति

| क्र.स | पदाधिकारीको नाम | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | श्री दिपा सापकोटा | प्रशासन अधिकृत | | |
| २ | श्री हरि खिलबन्त | लेखा अधिकृत | | |
| ३ | श्री प्रमोद भट्टराई | प्रा. स. | | |
| ४ | श्री राजेश यादव | ना.प.पा.प्रा. | | |
| ५ | श्री अर्पाकेश दाहाल | का. स. | | |
| | | | | |
| | | | | |

## सभापोखरी गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८१।१०।२८ मा बसेको बैठकको प्रस्ताव

### निर्णयहरु:-

| क्र.सं | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| १ | LISA नतिजा प्रकाशन सम्बन्धमा। | प्रस्ताव माथि छलफल गर्दा सभापोखरी गाउँपालिका आ.व. २०८०।८१ को स्थानीय तह संस्थागत क्षमता स्वमुल्यांकन (LISA) को जम्मा प्राप्ताङ्क ८६% प्राप्त भएकोले सो नतिजा प्रकाशन गर्ने निर्णय पारित गरियो। |
| २ | अर्ध बार्षिक समिक्षा तथा सार्वजनिक सुनुवाई सम्बन्धमा। | प्रस्ताव माथि छलफल गर्दा सभापोखरी गाउँपालिकाको आ.व. ०८१।०८२ को आर्थिक तथा भौतिक प्रगतिको अर्धवार्षिक समिक्षा तथा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पुर्ण राजनितिक दल, संघ/संस्था, बुद्विजिवि लगायत सरोकारवालाहरुको उपस्थितिमा मिति २०८१।११।११ गते आइतबार दिनको ११:०० बजे संचालन गर्ने निर्णय गरियो। |
| ३ | स्तरीय स्थानीय विपद जोखिम न्यूनिकरण परियोजना सम्बन्धमा। | प्रस्ताव माथि छलफल गर्दा सभापोखरी गा.पा. स्तरीय स्थानीय विपद जोखिम न्यूनिकरण परियोजना रेडक्रस सोसाइटी खादँबारी शाखासँग समन्वयमा सभापोखरी गा.पा. वडा नं. १ बस्ने श्री निलमणी सुवेदीले तयारी गरीएको (LDRMP) छलफल गरि संसोधन गर्नु पर्ने विषयलाई परिमार्जन गरि स्वीकृतिको लागि आगामी बैठकमा पेश गर्ने निर्णय पारित गरियो। |
| ४ | पाँचखपन न.पा. र सभापोखरी गा.पा. को संयुक्त बैठकको प्रस्ताव सम्बन्धमा। | प्रस्ताव माथि छलफल गर्दा पाँचखपन न.पाको च.न. ४२६ को पत्रानुसार मिति २०८१।१०।३० गते पाँचखपन न.पा. र सभापोखरी गा.पा. को संयुक्त कार्यपालिका बैठक बस्ने निश्चय भएको हुदाँ उक्त बैठकमा तपशिल बमोजिमका प्रस्तावमा छलफल गर्ने निर्णय पारित गरियो।<br>तपशिलः<br>१. सभापोखरी- पाचँखपन -चैनपुर सडक स्तरोन्नति<br>२. सभापोखरी-बडेनि- तुम्लिङ्टार सडक स्तरोन्नति |
| ५ | धुपु प्रहरी चौकी र बाहबिसे प्रहरी चौकी जनशक्ती माग सम्बन्धमा। | प्रस्ताव माथि छलफल गर्दा धुपु प्रहरी चौकी अन्तर्गत प्रहरी बिट संचालनको लागि थप (दुई) जना प्रहरी जनशक्ति र बाहबिसे प्रहरी चौकीको लागि एक जना महिला प्रहरी माग गर्न जिल्ला प्रहरी कार्यालय, खादँबारीलाई अनुरोध गर्ने निर्णय पारित गरियो। |
| ६ | दिव्यश्वरी हाइड्रोपावरको रोयल्टी सम्बन्धमा। | प्रस्ताव माथि छलफल गर्दा सभापोखरी गाउँपालिका वडा नं. १ स्थित सभाखोलामा संचालनमा रहेको दिव्यश्वरी हाइड्रोपावरले हालसम्म गाउँपालिकालाई कुनै रोयल्टी वापतको रकम नदिएकोले उक्त हाइड्रोपावरले कानुन बमोजिम स्थानीय तहलाई उपलब्ध गराउनु पर्ने रोयल्टी वापतको रकम सभापोखरी गाउँपालिकको कार्यालयमा उपलब्ध गराउन राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, उर्जा,जलस्रोत तथा सिचाई मन्त्रालय र दिव्यश्वरी हाइड्रोपावर कम्पनीलाई अनुरोध गर्ने निर्णय पारित गरियो। |
| ७ | कर्मचारी व्यवस्थापन सम्बन्धमा। | प्रस्ताव माथि छलफल गर्दा सभापोखरी गाउँपालिका वडा नं. ४ प्राविधिक श्री अमिशा देव बढुवा भई जानु भएको हुदाँ रिक्त रहेको प्राविधिक पदमा अर्को व्यवस्था नहुन्जेल सम्मको लागि वडा नं. ४ को प्राविधिकको जिम्मेवारी अ.स.ई.श्री उत्तर बहादुर राईलाई दिने निर्णय पारित गरियो। |
| ८ | सरुवा सहमति सम्बन्धमा। | प्रस्ताव माथि छलफल गर्दा यस सभापोखरी गाउँपालिकाको कार्यालयमा कार्यरत कर्मचारी ( कृषि / भेटेरिनरि / ला.पो.डे.डे., नायव पशु सेवा प्राविधिक , सहायकस्तर चौथो) श्री राजेश यादवको पारिवारिक समस्याको कारण निजलाई स्थानीय सरकारी (गठन तथा सञ्चालन) ऐन २०८० को दफा २४ को उपदफा (४) बमोजिम सरुवा सहमति दिने निर्णय पारित गरियो। |

सभापोखरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

प्रतिलिपि प्रमाणित

CamScanner

सभापोखरी गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८१।१०।२८ मा बसेको बैठकको प्रस्ताव र निर्णयहरु:-

| | | |
|---|---|---|
| ९ | रकमान्तर सम्बन्धमा। | • प्रस्ताव माथि छलफल गर्दा करार शिक्षक छनौट परिक्षा संचालन तथा व्यवस्थापन शिर्षकमा रकम नपुग भएकोले शिक्षा तर्फको विद्यालय अनुगमन तथा सुपरिवेक्षण खर्च शिर्षक २२६११ बाट रु १,००,०००।०० र बाल विकास सहजकर्ताको क्षमता विकास तालिम खर्च शिर्षक २२५१२ बाट रु ५०,०००।०० गरि जम्मा रु १,५०,०००।०० रकमान्तर गर्ने निर्णय पारित गरियो।<br>• सभापोखरी गाउँपालिका वडा नं. २ को बजेट उपशिर्षक ८०१०४५०४२०२ विविध खर्च शिर्षक नं. २२७११ मा विनियोजन भएको रमकबाट खेलकुद कार्यक्रमको लागि रु ५०,०००।– रकमान्तर गर्ने निर्णय पारित गरियो। |
| १० | डि.ए.पी मल ढुवानी तथा बिक्री वितरण सम्बन्धमा। | प्रस्ताव माथि छलफल गर्दा कृषि सामाग्री कम्पनी लि. विराटनगरको च.न. ३८९, मिति २०८१।१०।०४ को पत्रानुसार सभापोखरी गाउँपालिकाको लागि निर्धारण भएको १३.५ मेट्रिक टन डि.ए.पी मल साविक कै निर्णय सर्त अनुसार बाहबिसे सभापोखरी बचत तथा ऋण सहकारी संस्था, सभापोखरीलाई ढुवानी तथा बिक्री वितरण गर्न दिने निर्णय पारित गरियो। |
| ११ | कर्मचारी प्रोत्साहन भत्ता सम्बन्धमा। | प्रस्ताव माथि छलफल गर्दा सभापोखरी गाउँपालिकामा कार्यरत तपशिल बमोजिमका कर्मचारीलाई तपशिल बमोजिमको प्रोत्साहन भत्ता २०८१ फाल्गुन महिनाबाट लागु हुने गरि दिने निर्णय पारित गरियो।<br>तपशिल |

| क्र.स. | नाम थर | पद | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | सुनिल मगर | क.अ. | रु ४०००।- | |
| २ | उत्तर बहादुर राई | अ.स.ई. | रु ६०००।- | वडा नं. ४ को थप जिम्मेवारी समाले वापत |
| ३ | सुमन महरा दर्जी | ट्र्याक्टर चालक | रु ५०००।- | |

सभापोखरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बाहबिसे, संखुवासभा कोशी प्रदेश, नेपाल २०७३

गाउँ कार्यपालिकाको निर्णय प्रमाणीकरण